# Accountability Watch Committee (AWC)
# जवाफदेहिता निगरानी समिति

२०७५ असार २१ गत

## मानव अधिकारकर्मीहरु लाई तत्काल रिहाई गर !

छोरा कृष्णप्रसाद अधिकारीको हत्यामा संलग्न भएका व्यक्तिहरुलाई सर्बोच्च अदालतको आदेश अनुसार पक्राउ गरी कानुनी कार्बाही गर्न माग गर्दै आमरण अनसनमा रहेकी सत्याग्रही गंगामाया अधिकारी र स्वास्थ्य शिक्षा एवं सेवा क्षेत्रको सुधारको माग राख्दै अनसनमा रहेका डा. गोबिन्द के. सी.को माग पुरा गरी उनीहरुको जीवन रक्षा गर्न दबाव दिने र नेपाल सरकारले हालै जारी गरेको गैर-संबैधानिक निषेधाज्ञाको बिरोध गर्न आज मिति २०७५ असार २१ गते बिहान ९ बजे माइतीघर मण्डलामा शान्तिपूर्णरुपमा भेला भएका जबाफदेहिता निगरानी समितिका संयोजक चरण प्रसाई, समितिका सदस्य इन्द्र अर्याल लगायत एक दर्जन मानव अधिकार कर्मीहरुलाई प्रहरीले गिरफ्तार गरी लगेकोले उक्त गिरफ्तारीको घोर भर्तसना गर्दै जबाफ देहिता निगरानी समिति उनीहरुको तत्काल रिहाईको माग गर्दछ ।

जबाफदेहता निगरानी समितिको सचिवालय

काठमाडौँ